JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २७ गते बिहीबार ❑ 11 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## ओलीको नेतृत्वमा पाँच वर्ष सरकार चल्छ : मुख्यमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार पाँच वर्ष नै चल्ने बताएका छन् ।

भौगौलिकरूपमादेशकोसबैभन्दा ठूलो पोखरा महानगरपालिकाको बुधबार पाँचौं स्थापना दिवसका अवसरमा आयोजित समारोहमा उनले एमालेबाहेक सरकार बन्न सक्ने चौथो र अन्तिम विकल्प रहे पनि त्यो कठिन रहेको उल्लेख गरे ।




समारोहमा बोल्दै मुख्यमन्त्री गुरुङले आफ्नो छुट्टै बिषेशता भएको एमाले एकिकरण हुनु ठुलो घात भएको उल्लेख गर्दै माओबादीबाट एमाले बलत्कृत हुनु परेको दाबी गरेका हुन् ।

सवै भन्दा लोकतान्त्रिक पार्टी एमाले भएको दाबी गर्दै मुख्यमन्त्री गुरुङले पार्टी एकिकरण गर्दा एमाले वलत्कृत हुनु परेको जनाउदै अब सर्वोच्च अदालतको फैसलाले पूर्ववत पार्टीहरु व्यूतिएकोले एमाले अब वलत्कृत हुनबाट बच्ने जनाए । उनले भने "कम्युनिष्ट पार्टी भए पनि सवै भन्दा धेरै सैद्धान्तिक ढंगले लोकतान्त्रिक पार्टी एमाले हो, एमाले भित्र लोकतान्त्रिक जुन आचरण थियो, आफ्नो मौलिकता, आफ्नो भर्जिनिटी तर पार्टी एकता हुदा एमाले वलत्कृत हुनु पर्यो ।" नेकपा एमालेले संसारका कम्युनिष्टहरुलाई संस्कार सिकाई राखेको दाबी गरेका मुख्यमन्त्री गुरुङले सर्वोच्चको अन्तिम फैसलाले पुराना पार्टी पूर्ववत रुपमा व्यूतियकोले एमाले अब वलत्कृत हुनबाट बचेको जनाए । दुई पार्टीहरु भौतिक रुपमा एकता भए पनि वैचारिक रुपमा एकता हुन नसकेको हुदा हाल पार्टीमा बिबाद उत्पन्नद भएको उनको दाबी थियो । गलत सम्झौताबाट एमाले हाल मुक्त भएको उनले बताए ।

कम्यूनिष्ट पार्टी बिबाजित भएसंगै अब दुई वटा दुई भन्दा बढी दलहरु मिलेर सरकार बन्ने मुख्यमन्त्री गुरुङले जनाए । दुई पार्टी एकिकरण भए पश्चात निर्वाचित सांसद बिद्या भट्टराई लगायतका सूर्य चिन्हबाटै निर्वाचित भएकोले गर्दा एमाले तर्फ हुने आफुहरुले दाबी गरेको उनले जनाए । नेकपा गण्डकी प्रदेश इन्चार्ज हुदा आफुले बैठक र छलफल गर्न खोज्दा पार्टीलाई खेलाई राख्ने गरेको पूर्व माओबादी नेतालाई उनले आरोप लगाए । एमालेको नेतृत्वमा ७ प्रदेश मध्य ६ वटा प्रदेशमा एमाले कै नेतृत्वमा सरकार बन्ने बलियो आधार भएको मुख्यमन्त्री गुरुङले जनाए ।

नेपाली राजनीतिक नयाँ कोर्षमा फर्किएकोले अब पुनः सिराबाट सुरु गर्नु पर्ने संगठन विस्तारमा अब लाग्ने उनले जनाए । संघिय सासन प्रणालीमा अझै पनि समस्या रहेको जग्गा प्राप्ती गर्दा स्थानिय, प्रदेश हुदै संघि सरकारसंग पुग्नु पर्ने समस्या रहेको उनको गुनासो छ । तीन तहका सरकार बिच अझै समन्वय र सहकार्य हुन नसक्दा अपेक्षा अनुसार काम गर्न नसकिएको मुख्यमन्त्री गुरुङले जनाए । माओबादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको टोलीले देशको विसम परिस्थितीमा उचित निर्णय गरी आफुहरुको साख जोगाउनु पर्ने समय आएको उनको भनाई थियो ।

पोखरा महानगरका मेयर मानबहादुर जिसीले महानगरको आर्थिकविकासरसमृद्धिमाआफुहरु कटिवद्ध भएर लागेको बताए । पोखरा महानगरका उपमेयर मन्जुदेवि गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कागेंस सचेतक एवं पोखरा महानगरपालिका वडा नम्बर ९ का अध्यक्ष रामराज लामिछाने, महानगरका सचेतक पोखरा १९ का वडा अध्यक्ष शोभामोहन पौडेल, प्रवक्ता एवं पोखरा ५ का वडा अध्यक्ष धनबहादुर नेपाली, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, महानगरका प्रमुख प्रशासक महेश बराल, कर्मचारीका नेता शिव बराल, अमिर भण्डारी लगायतले पोखरा आधुनिक र प्रविधि मैत्रि बनाउन सवैको साथ र सयहोग आवश्यक भएकोमा जोड दिए ।

यस अघि पोखरा महानगरपालिका कार्यालय अघि बाट सुरु भएको प्रभातफेरी कार्यक्रम न्यूरोड, सभागृहचोक, पृथ्बीचोक हुदै पोखरा सभागृहमा पुगेर समारोहमा परिणत भएको थियो । महानगरले बुधबार शिक्षा र स्वास्थ्य बाहेक अन्य सेवाको लागि सार्वजनिक विदा दिएको थियो ।

## हावाहुरीसहितको असिना पानीका कारण क्षति

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

हावाहुरीसहितको असिना पानीका कारण बुधबार तनहुँको शुक्लागण्डकी नगरपालिका-९ ढोरफिर्दी र आसपासका क्षेत्रमा खेतीबालीमा क्षति पुगेको छ ।

बुधबार दिउँसो ३:०० बजेतिर असिनासहित, हावाहुरी र पानी आएपछि कृषकले लगाएको गोड्ने बेला भएको मकै, तरकारी बालीका साथै वर्षातको समयलाई लक्षित गरी लगाइएका घिरौंला, करेला, काँक्रो, फर्सी लौका, चिचिन्डोलगायतका लहरेबालीका बिरुवा समेतमा क्षति पुगेको स्थानीयवासी उमादेवी भट्टराईले जानकारी दिइन । असिनाका कारण फुल्दै गरेका सुन्तला, निबुवा, कागतीलगायतका बोट बिरुवालाई पनि क्षति पुऱ्याएको उनले बताइन ।



असिनासँगै केही बेर मेघगर्जनका साथ पानी परेपछि दुलेगौडा हुँदै साँखे जाने मोटरबाटोअन्तर्गत ढोरफिर्दीस्थित बराहखोलामा पानी बढेपछि झण्डै एक घण्टा सवारीसाधन आवतजावत पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पदयात्रा एवं पदयात्रा सामग्रीको प्रयोगबारे भ्रमण

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट सप एशोसिएशन(टेसा) पोखराको आयोजनामा पदयात्रा एवं पदयात्रा सामग्रीको प्रयोग तथा जानकारी विषयक अवलोकन भ्रमण गराइने भएको छ ।

पछिल्ला वर्षमा पदयात्रा पर्यटनमा आकर्षक गन्तव्यका रूपमा परिचित मर्दी पदयात्रा मार्गमा पर्यटनसम्बद्ध व्यवसायी, नेपाल पर्यटन बोर्डका प्रतिनिधि र सञ्चारकर्मीसहितको ३० सदस्यीय टोलीले आगामी चैत १ देखि ४ गतेसम्म अवलोकन भ्रमण गर्न लागेको हो । कोरोनाका कारण लामो समयदेखि तहसनहस पदयात्रा पर्यटनलाई पुरानै लयमा फर्काउनाका साथै पदयात्रामा प्रयोग गरिने सामग्रीको प्रयोगात्मक जानकारीसमेत गराउने लक्ष्यका साथ अवलोकन भ्रमण गराउन लागिएको कार्यक्रम संयोजक एवं टेसा पोखराका निवर्तमान अध्यक्ष रामचन्द्र गिरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार चार दिने पदयात्राका क्रममा सहभागीले कास्कीको काँडेदेखि अष्ट्रेलियन क्याम्प, प्रितम देउराली, फरेष्ट क्याम्प, बादलडाँडा, मर्दी हाइक्याम्प हुँदै भ्यु प्वाइन्टसम्म पदयात्रा गर्दै फर्कने छन् । हिउँले ढाकिएका हिमाल, वरपरदेखिने हरिया वनजङ्गल, डाँडाकाँडा र बस्तीको एकसाथ दृश्यावलोकन मर्दी ट्रेकको विशिष्टता भएको उहाँले बताउनुभयो । अवलोकन भ्रमणले मर्दी पदयात्राको प्रवर्द्धनका साथै पदयात्रामा प्रयोग गरिने सामग्री, त्यसको गुणस्तरीयता एवं उपलब्धतालगायतका विषयमा थप जानकारी प्राप्त हुने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले जानकारी दिनुभयो ।

कोरोनाले लामो समयदेखि सुस्ताएको पर्यटनलाई चलायमान बनाउन बोर्डका तर्फबाट पर्यटनसम्बद्ध सङ्घ संस्थासँगको सहकार्यमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । पदयात्रा पर्यटनमा प्रयोग गरिने सामग्रीको बिक्री वितरणलाई प्रभावकारी बनाउने लक्ष्यका साथ पोखरामा २०५४ सालदेखि संस्थागत रूपमा नै ट्रेकिङ इक्युपमेन्ट सप एशोसिएशन(टेसा) क्रियाशील छ । पदयात्रा पर्यटनको प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान गर्दै आएको टेसामा हाल विभिन्न ७५ व्यवसायी आवद्ध छन् ।

## आज महाशिवरात्रि पर्व

रासस
काठमाडौं, २६ फागुन

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको विधिपूर्वक पूजा-आराधना गरी बिहीबार देशभर मनाइँदैछ ।

बिहीबार दिउँसो २:५२ बजेसम्म त्रयोदशी तिथि छ । त्यसपछि चतुर्दशी प्रारम्भ हुन्छ । चतुर्दशी तिथि शुक्रबार दिउँसो २:५१ बजेसम्म छ । मध्यरातमा चतुर्दशी तिथि बिहीबार परेकाले यसै दिन महाशिवरात्रि पर्व मनाउने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

पर ब्रह्मले फाल्गुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिए । वैदिक सनातन हिन्दू धर्मावलम्बी बिहीबार बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन् । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेखित छ । फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । माघ महीनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व)ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ । व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् ।

यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ । राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन बिहीबार पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ । कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ । भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न बिहीबार देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ ।

## नेपालमा अब कुनै प्रकारको अशान्ति छैन : प्रधानमन्त्री ओली

रासस
काठमाडौं, २६ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा अब कुनै प्रकारको अशान्ति नरहेको बताएका छन् । राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयद्वारा २०औँ स्थापना दिवसका अवसरमा बुधबार सिंहदरबारमा आयोजित कार्यक्रममा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष ओलीले नेपाल अब विकास र सुशासनको बाटामा अघि बढेको बताए ।

हिंसाको बाटामा हिँडेकालाई शान्तिको मूलधारमा ल्याउन आफ्नो सरकार सफल भएको जनाउँदै उनले पृथकतावादी सोचलाई समेत टुङ्ग्याइएको बताए । "हामी राष्ट्रिय एकताको भावका साथ अघि बढेका छौँ", प्रधानमन्त्री ओलीले भने, "अब देशमा हिंसाको अन्त्य भएको छ, नेपाल शान्तिको नयाँ युगमा प्रवेश गरेको छ ।" यसका लागि सुरक्षा परिषद्को नीतिले पनि उल्लेख्य काम

बाँकी अन्तिम पृष्ठमा ▶▶




## अब मध्यावधि निर्वाचनको विकल्प छैन : डा कोइराला

रासस
काठमाडौं, २६ फागुन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले देशलाई राजनीतिक निकास दिन निर्वाचनमा जानाको विकल्प अब नभएको बताउनुभएको छ । बिर्तामोडमा नेपाल प्रेस युनियनले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले प्रतिनिधिसभा पुनःस्थापना भए पनि अब संसद् चल्न नसक्ने बताउँदै निर्वाचनको विकल्प नरहेको विचार राखे ।

"नेपाल कम्युनिष्ट पार्टी पुरानै अवस्था (एमाले र माओवादी)मा फर्किए, सहज रूपमा अब संसद् चल्न सक्दैन", उनले भने, "संसद् चल्न अप्ठ्यारो परिस्थिति भएपछि देशलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन, मध्यावधि निर्वाचनमार्फत भए पनि निकास दिनुपर्छ ।" डा कोइरालाले अबका गतिविधि र कार्यक्रम चुनावमुखी हुनुपर्ने बताउँदै

बाँकी अन्तिम पृष्ठमा ▶▶

# चितवनलाई हराउँदै जनकपुरलाई अन्तर क्लब क्रिकेटको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

पोखरामा गत फागुन १७ गतेदेखि सञ्चालन भएको 'अन्तर क्लब टी-२० क्रिकेट लिग'को उपाधि जनकपुर क्रिकेट क्लबले जितेको छ।

'खेल पर्यटन आजको आधार, क्रिकेट विकास हाम्रो सरोकार'को नारासहित केएन स्पोर्टस प्रालीको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सञ्चालन भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा चितवन क्रिकेट क्लबलाई पाँच विकेटले हराउँदै जनकपुरले उपाधि जितेको हो। जीतका लागि चितवनले दिएको ७३ रनको सामान्य लक्ष्य जनकपुरले १५ ओभरको पाँचौं बलमा पाँच विकेटको क्षतिमा भेट्टाएर उपाधिसहित ट्रफी तथा नगद रु ५० हजार पुरस्कार प्राप्त गर्न सफल भयो । टस जितेर शुरुआतमा ब्याटिङ रोजेको चितवनले निर्धारित २० ओभरको खेलमा जम्मा ७२ रनमात्र जोड्न सफल भयो । चितवनका रोविन शर्माले १५ तथा सङ्घर्ष पौडेलले १२ रनको पारी खेल्नु भए पनि अन्य ब्याट्सम्यानको प्रदर्शन सन्तोषजनक रहेन । जनकपुरका बलर रुपेश यादव, शोभाकान्त पौडेल र विशाल सुस्लिङले समान दुई/दुई विकेट लिएका थिए । टोलीलाई जीत दिलाउने क्रममा जनकपुरका अक्वर अलिले अविजित रहँदै महत्वपूर्ण ३२ रनको योगदान दिए । यसैगरी शोभाकान्त पाण्डेले १५ रन बनाउनुभएको थियो । चितवनका सङ्घर्ष पौडेलले सर्वाधिक तीन विकेट लिए । प्रतियोगितामा जनकपुरका राहुल प्रतापसिंह सर्वोत्कृष्ट खेलाडी, जनकपुरकै शोभाकान्त शोभाकान्त पाण्डे उत्कृष्ट बलर तथा चितवनका साकार ढकाल उत्कृष्ट ब्याट्सम्यान घोषित हुनु भई मेडल पुरस्कार प्राप्त गरे। विजेता टोली र विभिन्न विधाका उत्कृष्ट हुन सफल खेलाडीलाई राष्ट्रिय खेलकूद परिषद्का सदस्य राजेशकुमार गुरुङ, प्रतियोगिताको मुख्य प्रायोजक सुपर जनरल कम्पनीका गण्डकी प्रदेश प्रमुख फैजल अली, नेपाल क्रिकेट सङ्घका केन्द्रीय सदस्य ऋषि गौतम, पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीलगायतले पुरस्कार वितरण गरेका थिए। कोरोना कहरका कारण लामो समय खेलकूद गतिविधि ठप्प भएको अवस्थामा खेल गतिविधिलाई पूर्ववत् अवस्थामा फर्काउने प्रयास देशका विभिन्न जिल्लाका क्रिकेट क्लबका बीच प्रतियोगिता आयोजना गरिएको र क्रिकेट खेल विकासमा योगदान पुगेको प्रतियोगिता संयोजक कमल थापाले बताए।

सहभागी आठ टोलीलाई दुई समूहमा विभाजन गरी लिगका आधारमा खेलाइएको प्रतियोगिताको समूहको शीर्ष दुईमा रहने चार टोलीका बीच सेमिफाइनलमा प्रतिस्पर्धा भएको थियो।

# प्राइम सहकारी संस्थाद्धारा बार्षिकोत्सवमा बाख्रा वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**



प्राइम सहकारी संस्थाले आफ्नो ११ औं बार्षिकोत्सवको अवसरमा बाख्रा वितरण गरेको छ।

सहकारीले एक समारोहका बिच कास्कीको अन्नपूर्ण गाउँपालिका ९ स्थित उल्लेरीका निम्न आय भएका ६ घर परिवारलाई बाख्रा वितरण गरेको हो।

निम प्रसाद पुन, राम मगर, फडेन्द्र मगर, नर बहादुरु मगर, लक्ष्मण पुन र दुवेन्द्र मगरलाई सहकारीले जनही एक/एक वटा विउ पूंजिको रुपमा खाब्रा सहयोग हस्तान्तरण गरेको सहकारीका अध्यक्ष निदेश प्रसाद कोइरालाले बताए । सहकारीले हालसम्म करिब ६५ घर परिवारलाईं बाख्रा वितरण गरेको छ।

सावेत मिलन समाजका अध्यक्ष इमानसिंह गुरुङ, सल्लाहकार मुत्तबहादुर गुरुङ, मानबहादुर गुरुङ लगायतले सहकारीको निम्न बर्ग भएकाहरुको आर्थिक उत्थानको लागि राम्रो प्रयास भएकोमा जोड दिए । सहकारीले आधुनिक प्रविधि अर्न्तगत एटिएम मेसिन, सहितको अन्य सुविधा उपलब्ध गराउदै आएको व्यवस्थापक निरु थापा बताइन्। सहकारीमा हाल १ हजार ४ सय शेयर सदस्य रहेका छन्।

# गण्डकी प्रदेश स्तरीय चित्रकला प्रतियोगिता प्रथम चरण सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

इन्द्रेणी थिएटर पोखरा र लायन्स क्लब अफ पोखरा ग्लोबल सेन्चुरीको संयुक्त आयोजनामा सञ्चालन भईरहेको क्यानभाषमा बाल मनोविज्ञान प्रदेश स्तरीय चित्रकला प्रतियोगीताको प्रथम चरण सम्पन्न भएको छ।

प्रथम चरणमा प्रदेशभरीबाट जम्मा १९७ वटा चित्रदर्ता भएको आयोजकले जानकारी दिएको छ । प्रथम चरणमा इन्द्रेणी थिएटरको वेबसाईटमा दर्ता भएका सम्पूर्ण चित्रहरु मध्येबाट उत्कृष्ट दश प्रतियोगी छनोट गरिने र उत्कृष्ट दश प्रतियोगीलाई पुनःचित्रकोर्न लगाई उत्कृष्ट चार जनालाई पुरस्कृत गरिने इन्द्रेणी थिएटरका निर्देशक रामहरि अधिकारीले बताए।

प्रतियोगीताको प्रथम चरणको विषय बालअधिकार समाज निर्माणको आधार थियो भने दाश्रो चरणको विषय वातावरण जीवनको आधारशिला रहेको छ।

छनौटमा परेका १० जना विद्यार्थीलाई कार्यक्रम स्थलमा नै चित्रकोर्न लगाई पुरस्कृत छनोट गरिने लायन्स क्लब अफपोखरा ग्लोबल सेन्चुरीका अध्यक्ष सुनिल कुमार ठाकुरले जानकारी दिए। वेबसाइट मार्फत प्राप्त भएका चित्रहरुको मुल्याङ्कन गरि छिट्टै नै नतिजा प्रकाशन गरिने छ।

## अब...

त्यसैअनुरुप तयारी गर्न कांग्रेस कार्यकर्तालाई निर्देशन दिए। उनले पर्ख र हेरको अवस्थामा वर्तमान परिस्थिति नभएको हुँदा कांग्रेसले देशलाई निकास दिन केही महत्वपूर्ण निर्णय तत्काल लिने धारणा व्यक्त गरे । उनले कांग्रेसको १४ औं महाधिवेशनको आफू बलियो सभापतिको दावेदार रहेको बताउँदै सोहीअनुरुप नै जिल्ला दौडाहामा निस्किएको जानकारी दिए।

# नेपाल ठकुरी सगँम कास्कीको अध्यक्षमा शेर उच्चै

**विनय पौडेल**
**पोखरा, २६ फागुन**



नेपाल ठकुरी सगँम कास्कीको २५ औं साधारण सभा तथा नवौं अधिवेशनबाट शेर बहादुर उच्चै ठकुरीको अध्यक्षतामा नयाँ सञ्चालक समिति चुनेको छ।

समितिको बरिष्ठ उपाध्यक्षमा याम बहादुर हमाल, द्धितीय उपाध्यक्षमा पुर्णवति शाहि, सचिव कृष्ण बहादुर चन्द, कोषाध्यक्ष देबेन्द्र बम मल्ल, सह सचिव कृष्ण बहादुर सिंह, सदस्यहरुमा नितु शाहि, शिमा शाहि, गया शाहि, मोहन प्रताब खाँण, जग राज चन्द, डाइमन हमाल, भुपेन्द्र खाँण, रुद्र बहादुर मल्ल र देबेन्द्र हमाल छन् । नव निर्वाचित अध्यक्ष शेर बहादुर उच्चैले निर्वाचन मण्डल र साथ सहयोग दिएका सम्पूर्ण सेयर सदस्यलाई धन्यवाद दिदै ठकुरीको हकहित र एकतामा ध्यान दिने बताए । उनले ठकुरीको हितमा हुने हरेक निर्णय गर्न आफू तयार रहेको बताउँदै ठकुरीको गरिमा र उचाईलाई थप टेवा दिदैँ आर्थिक पारदर्शिता र सामाजिक उत्तर दायित्वलाई पहिलो प्राथमिकतामा राख्ने बताए । कार्यक्रममा समाजका बरिष्ठ सल्लाहकार खड्ग बहादुर शाहिले ठकुरीको जात माग्न सम्पुर्ण ठकुरीहरुलाई अनुरोध गर्दै आफुहरुलाई देश वा प्रदेश होईन मात्र आफ्नो जात चाहिएको बताए।

निर्वाचन संयोजक ईश्वर हमालले निर्वाचन एक प्रजातान्त्रिक पद्धति भएकोले जसले जिते पनि ठकुरी संगम परिवार कास्कीले जितेको सोचेर सबै मिली अघि बढ्न सुझाव दिए । अध्यक्ष शेर बहादुर उच्चै, द्धितिय उपाध्यक्षमा पुर्णवति शाहि र सचिव कृष्ण बहादुर चन्द निर्वाचनबाट र अरु सर्वसम्मत भएका हुन्।

सभामा नेपाल ठकुरी महासंघका बरिष्ठ उपाध्यक्ष खिम बहादुर शाही, सल्लाहकार दुर्गा बहादुर शाह, जिल्ला प्रशासन कार्यालय लमजुङ्गका सहायक अधिकृत अनिल कुमार शाहि, दर्शन बचत तथा ऋण सहकारीका अध्यक्ष बिष्णु उच्चै, ठकुरी युवा परिवार कास्कीका अध्यक्ष रमेश हमाल लगायतले शुकामना व्यक्त गरेका थिए । निर्वाचन संयोजक ईश्वरी हमालले नवनिर्वाचित टिमलाई सपथ गराउनु गराएका थिए।

# छोराको जन्मोत्सवमा सहारा क्लबलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ फागुन**

सहारा क्लव हङकङका आजीवन सदस्य, संगम क्लव, एल.जी. एशोसियसन पोखराका सल्लाहकार हाल युके निवासी राजेन्द्र गुरुङले आफ्नो छोराको जन्मोत्सवको अवसरमा सहारा एकेडेमी सहित १९ औं संस्करणको आहा रारा गोल्ड कपको लागि सहयोग गरेका छन्।

राजेन्द्रका छोरा रेगन गुरुङको १० औ जन्मोत्सवको अवसरमा सहारा एकेडेमीमा सामुहिक भोजन सहित आहा रारा गोल्डकपका लागि नगद ३० हजार रुपैंया सहयोग गरेका हुन। क्लवका अध्यक्ष केशव बहादुर थापालाई क्लवका सल्लाहकार सुनिल गुरुङ सहितको टोलीले उक्त रकम सहयोग हस्तान्तरण गरेको महासचिव रामजी प्रसाद अधिकारीले बताए । कार्यक्रममा अर्थ समितिका सदस्य ओम बस्नेत, संगम क्लवका प्रकाश गुरुङ लगायतको सहभागिता रहेको थियो। खेलकुद प्रेमी गुरुङले निरन्तर सहारा क्लब पोखरा एवम् एकेडेमीलाई सहयोग गर्दै आइरहेका छन् । गुरुङले आफ्ना दाई तुलसी गुरुङका छोरा प्रशान्त गुरुङ मार्फत सहारा एकेडेमीमा छोराको जन्मोत्सव मनाएका हुन्। लालिगुराँस निवासी गुरुङ सहारा क्लबमा हुँदा कामको शिलशिलामा युके मै बसोबास गर्न पुगेका थिए। बिक्रम गुरुङको समन्वयमा एकेडेमीमा जन्मोत्सव मनाइ आहा रारा गोल्डकपका लागि आर्थिक सहयोग गरेका हुन।

यस्तै पोखरा १० रामबजारका विकी गुरुङ (हाल हङकङ) ले जन्मदिनको अवसरमा सहारा एकेडेमी अक्षय कोषमा १५ हजार ५ सय ५५ रुपैंया सहयोग गरेका छन्। सहारा एकेडेमीमा १४ जिल्लाका २४ जना वालकहरु रहेका छन्।

## नेपालमा...

गरेको उनको भनाइ थियो। प्रधानमन्त्री ओलीले आफू राष्ट्रिय एकताको भावका साथ अघि बढेको तथा देशमा शान्ति, सुशासन र राष्ट्रिय एकताको ढोका खोल्ने काम आफूले गरेको स्पष्ट पारे । छिमेकी देशसितको सम्बन्ध सुमधुर बनाइएको जनाउँदै उनले केही समस्या भए वार्ताका माध्यमबाट नै हल गरिने स्पष्ट पारे।

उथलपुथल र उतारचढावका समयमा परिषद्को सचिवालयको स्थापना भएको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले हासिल गरिएका अनुभवका आधारमा काम गर्दै अघि बढ्न सुझाव दिए । नेपाली सेनाको परिचालन र प्रयोग सही ढङ्गले हुँदै आएको बताउँदै उहाँले नेपाल विश्वमा शान्ति स्थापनाका पक्षमा रहेको स्पष्ट गरे। "ठूलो होस् वा सानो देश, विश्वमा न्यायोचित हकको रक्षाका लागि मात्र सेना परिचालन गरिनुपर्छ", प्रधानमन्त्री ओलीले भने । विश्वमा अर्काको अहित हुने गरी सेनाको परिचालन गर्न नहुनेमा उनले जोड दिए । असहज र अप्ठयारो अवस्थामा सेनाको प्रयोग गरिँदै आएको प्रसङ्ग जनाउँदै प्रधानमन्त्री ओलीले सुरक्षा, सेवा र निर्माणका काममा सेना अहोरात्र खटिँदै आएको स्मरण गरे । अन्तरराष्ट्रिय क्षेत्रमा समेत नेपाली सेनाले शान्ति स्थापनार्थ उल्लेखनीय योगदान दिँदै आएको बताउँदै प्रधानमन्त्रीले भने, "सेनाले आफू जोखिम मोलेर भए पनि शान्ति स्थापनाका लागि काम गर्दै आएको छ।"

विश्वसनीय र भरपर्दो निकाय नेपाली सेनाले सेवा र निर्माणका क्षेत्रमा जनताको मन छुने गरी काम गर्दै आएको प्रधानमन्त्रीले बताए। कतिपय समयमा सेनालाई अनावश्यक विवादमा तान्ने कामसमेत भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले सेनाले आफ्नो प्रतिष्ठा जोगाएर काम गर्दै आएको छ भने "सेना जस्तो संस्थालाई वादविवादमा तान्न उचित हुन्न", उनले जोड दिए। जनतालाई भ्रममा पार्ने तत्त्वसँग सचेत हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले मूल कानून संविधान मानेर सबै अघि बढ्नुपर्ने सुझाव दिए। परिषद्को स्थापना लड्न र भिड्नलाई मात्र नभएको स्पष्ट पार्दै प्रधानमन्त्री ओलीले यसको काम शान्ति सुरक्षाको वातावरण कायम गर्नु भएको जनाए। सो अवसरमा प्रधानमन्त्री ओलीले परिषद्को सचिवालयको हाताभित्र वृक्षरोपणसमेत गरेका थिए।

## हावाहुरीसहितको...

ठप्प भएको अर्की स्थानीय सुष्मा पोखेरेलले जानकारी दिइन । उनका अनुसार खोलामा पानी बढेपछि विद्यार्थी लिएर फर्केका स्कूल बससमेत झण्डै एक घण्टासम्म रोकिनुपरेको थियो।

ठूलो पानी पर्नुका साथै वर्षात्को समयमा बराह खोला बढ्दा सवारी साधन नै रोकिनुपर्ने समस्याबाट सर्वसाधारण समय-समयमा ग्रसित बन्ने गरेको उल्लेख गर्दै उनले यसतर्फ सम्बन्धित निकायको ध्यान पुग्नुपर्ने आवश्यकता औल्याइन । दुलेगौंडाबाट ढोरफिर्दी हुँदै मान्द्रे, छब्दीदेउराली, साँखे, राइपुर, मग्यम चिसापानी, सालडाँडालगायतका स्थान जाने बाटो यही भएका कारण बराहखोलामा तत्काल मोटरेबल पुल हाल्नुपर्ने देखिएको स्थानीयवासीले बताए।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सम्पूर्ण विश्व तराजुको एकपट्टि र मेरी आमा अर्कोपट्टि हुनुभयो भने विश्वले हार्ने छ। - लर्ड ल्याङडेल

## सम्पादकीय

# पुरा हुँदै मेलम्चीको सपना

मेलम्चीको पानी ल्याएर काठमाडौंको सडक सफा गर्छु भन्ने सन्त नेता कृष्णप्रसाद भट्टराईलाई धेरैले उडाए। काठमाडौंमा खानेपानीको समस्या बढ्दै गएको बेला मेलम्चीको पानी काठमाडौं ल्याउने कुरा गर्नेलाई पागल भन्ने गरियो। प्राविधिक अध्ययनको आधारमा तत्कालीन प्रधानमन्त्री भट्टराईले बोलेका थिए। काठमाडौंबासीलाई देखाइएको सपना जस्तो थियो। जनतालाई विश्वास लागेको थिएन मेलम्ची खोलाको पानी काठमाडौँ आउँछ भनेर। सधैं सपना देखाउने नेताले वल्ल विश्वास जित्ने भएका छन। मेलम्ची खोलाको पानी सुन्दरीजलमा ल्याइएसँगै कथाजस्तो लाग्ने कल्पना साकार भएको छ। करिब २७ किलोमिटर सुरुङ मार्ग हुँदै सिन्धुपाल्चोकको मेलम्ची खोला सुन्दरीजलमा मिसिएको छ। यो सफलतासँगै मेलम्चीले काठमाडौँको तिर्खा मेटाउने भएको छ।

काठमाडौँका धारामा देखिने रित्ता भाँडाका लस्करलाई अब देख्न नपर्ला जस्तो भएको छ। मेलम्ची खोलाको पानी सुरुङ हुँदै २०७७ फागुन २२ मा सुन्दरीजल ल्याइएपछि नेपालले गरेको एउटा दीर्घ प्रतिज्ञा र प्रतीक्षा पूरा हुँदैछ। दूरद्रष्टाले देखेका सबै सम्भाव्य कल्पना, सपना हँसिमजाकमा उडाइनु अनुचित छ भन्ने पनि पुष्टि भएको छ। 'नेपाली उखान ढाँटक निम्तो खाई पत्याउनु' भने जस्तै सुन्दरीजलमा मेलम्चीलाई विशेष कार्यक्रम गरि स्वागत गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले प्यासको धैर्य अब लामो नहुने विचार राखेर जनतालाई खुशी बाँडेका छन। सुन्दरीजलमा मेलम्चीजल मिसाएर सिन्धुपाल्चोक र काठमाडौँबीच जलको साइनोलाई औपचारिकता दिएका छन्। नेपालीमा एउटा उखान प्रचलित छ -१२ वर्षमा खोला फर्कन्छ। भिन्न सन्दर्भमा सही, निर्माण थालिएको १२ वर्षपछि विभिन्न व्यवधान, अनिश्चय र अनिष्ट पार गर्दै सुरुङबाट ल्याइएको मेलम्चीको पानी सुन्दरीजल ट्र्याङ्कीमा भरिएको छ। बागमतीमा मिसिएको छ। गत असारमा सुरुङ परीक्षणका क्रममा पानी भर्दा (होल्ड गर्दा) हेलम्बु गाउँपालिका-१ स्थित अम्बाथानको अडिटको मुख्य गेट ९ नं १७० फुटेकाले काठमाडौँमा पानी ल्याउने समय केही लम्बिएको थियो। त्यसपछि पुनर्निर्माण, निरीक्षण र परीक्षणपछि सुरुङमा पानी भर्न उपयुक्त देखिएसँगै मेलम्चीले औपचारिक रूपमा काठमाडौँ प्रवेश पाएको छ।

गत फागुन १० गते मेलम्चीको मुहानदेखि काठमाडौँको सुन्दरीजलसम्मको साढे २६ किलोमिटर सुरुङमा पानी थुनेर (होल्डिङ) गरिएको परीक्षणको सफलतापछि सम्बद्ध पक्षमा उत्साह र उपभोक्तामा आशा जागेको छ। काठमाडौँमा पाइप विस्तारको अधिकांश कार्य सम्पन्न भइसकेको अवस्थामा उपत्यकावासीले मेलम्चीको पानी उपभोग गर्न नयाँ वर्ष २०७८ सम्म पनि कुर्नु नपर्ने अवस्था छ। खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी विकास समितिले आवश्यक सम्पूर्ण प्राविधिक काम पूरा गरेर सुरुङमा पानी परीक्षण गरेपछि उपत्यकामा पानी ल्याइएकाले अब काठमाडौँमा गरिने पानी वितरण कार्यमा मुख्य ध्यान दिनुपर्ने हुन्छ। बगेर जाने पानीलाई सम्पत्तिका रूपमा बुझ्न सकिएन।पानी नै धन हो भन्ने चेत पलाएको भए नेपाल गरिब हुनुपर्ने थिएन। पछिल्ला शताब्दीमा पानी ठूलो सम्पत्ति बन्दैछ। यसको छुट्टै अर्थशास्त्र र राजनीतिशास्त्र स्थापित हुँदैछ। कूटनीति बन्दैछ पानी। यस परिवेशमा पानीको सदुपयोग गर्नु भनेको पानी उत्पत्ति गर्नुजस्तै हो। मेलम्चीको पानी काठमाडौँमा प्रयोग गरिएपछि सीधै नाली वा ढलबाट उपत्यका बाहिरिने अवस्था आउनु हुँदैन। काठमाडौँवासीको मात्र होइन, काठमाडौँको प्यास पनि यसले मेटाउनुपर्छ। यसले आँतको मात्र होइन माटोको पनि तिर्खा मेट्नुपर्छ।

काठमाडौँ उपत्यकाको घट्दो भौगर्भिक पानीको सतह सन्तुलन गर्न उपत्यकाका धारामा कुनै दिन 'पानी बिदा' (वाटर होलिडे) गरेर जमिनमा पानी भरण (इन्जेक्ट) गर्नुपर्ने अवधारणाको प्राविधिक पक्षमा अध्ययन अनुसन्धान गर्नु आवश्यक छ। अर्कोतिर मेलम्चीको मुख्य बाँधको तल्लो तटीय क्षेत्रको पानीको आवश्यकतालाई पनि ध्यान दिनुपर्छ। मेलम्चीको फाँट, त्यहाँका जलचर र मान्छेले पनि आवश्यक मात्रामा पानी पाउनुपर्छ। यसका लागि काठमाडौँमा पानीको वितरणमा सामाजिक न्याय तथा शुल्कमा विश्वसनीयता कायम हुनुपर्छ। 'चुहावट' नेपालको सर्वक्षेत्रीय समस्या भएकाले यता पनि ध्यान दिनुपर्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारिरीक झमेला | धनु | : मानसिक तनाब |
| कर्कट | : आर्थिक समस्या | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**

रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तु: बिक्रीमा छ।

सम्पर्क: ९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

# तेस्रो डायमण्ड रनिङ सिल्ड जारी

विनय पौडेल
पोखरा, २६ फागुन

कास्कीका पोखरा महानगरपालिका वडा नं २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा तेस्रो डायमण्ड रनिङ सिल्ड खेलकुद प्रतियोगिता जारी रहेको छ।



अनुशासन, समृद्धिका लागि खेलकुद भन्ने मुल नाराका साथ संचालन भईरहेको खेलकुद प्रतियोगिताको तेस्रो दिन पनि भलिबल, क्रिकेट तथा टेवल टेनिसका विभिन्न विधाका खेल सम्पन्न भएको विद्यालय संयोजक दिनेश शर्माले जानकारी दिएका छन्। तेस्रो दिनको खेलहरुमा भलिबल तर्फ सेमिफाईनलका खेलहरु सम्पन्नभएका छन्, स्कुल समुह ए ले कक्षा ११ विज्ञान समुहलाई २–० को सेटमा हराउदै फाईनलको यात्रा तय गरेको छ भने अर्को सेमिफाईनल खेलमाकक्षा ११ व्यवस्थापन समुहले स्कुल समुह बि लाई २–० को सेटमा पाखा लगाउदै स्कुल ए समुहसँग फाईनलको भेट पक्का गरेको छ। टेबल टेनिस तर्फ सेमिफाईनलका खेलहरु माकक्षा १०कि छात्रा अंकिता गुरुङ्गलाई हराउदै कक्षा ८ की कृपा थापा फाईनलमा पुग्न सफल भएकी छन् भने अर्का सेमिफाईनलका खेलमा कक्षा १० कि छात्रा अनुषा गौतमले वितिसाअधिकारीलाई हराउदै कृपा सँगको फाईनल भेट पक्का गरेकी छिन्। त्यस्तै छात्र तर्फ सुसिल के.सी.लाई अनुप गुरुङ्गले हराएका छन् भने अर्को खेलमा सञ्चन क्षेष्ठले एरिक गुरुङ्गलाई हराउदै फाईनलको यात्रा तय गरेका छन्। क्रिकेट तर्फ भएको खेलमा स्कुल समुहकक्षा १० र कक्षा १२ व्यवस्थापन समुह बिच भएको खेलमा पहिला टस जितेर व्याटिङ्ग रोजेको स्कुल समुहले निर्धारित १० ओभरमा ८ विकेटको क्षतिमा १०५ रन बनाएको थियो। जबाफी व्याटिङ्गमा उत्रिएको कक्षा १२ व्यवस्थापन समुहले बर्षात्ले प्रभावित खेलमा ७ ओभरमा ३९ रन हुदाँ ६ विकेट गुमाउन पुगेकोमा डि.एल. एस. नियमको आधारमा स्कुल समुहकक्षा १० विजयभएको थियो। उक्त खेलमाकक्षा ६ माअध्ययनगर्ने अशोक राजतिमिल्सेनाले उत्कृष्ट बलिङ्गगर्दै तिनविकेट लिएको विद्यालयका शिक्षक नारायण वाग्लेले जानकारी दिएका छन्।

खेलकुद अन्तर्गत फुटबल, क्रिकेट, भलिवल, टेबल टेनिस लगायतका खेल सिनियर समूहमा खेलाईने वताइएको छ। भने जुनियर समूहमाअर्को चरणमा खेलकुद प्रतियोगितागर्ने विद्यालयमा सूचनाप्रविधितथा संचार संयोजक सुमन जि.सी.ले जानकारी दिएका छन्। खेलकुद प्रतियोगिता यहि फागुन २८ गते सम्म संचालन हुने छ।

# मिन वहादुर वचाउ अभियानमा कतारवाट सहयोग

विनय पौडेल
पोखरा, २६ फागुन

परिवारको आर्थिक अवस्था कमजोर। जहाँ कमजोर त्यहीं पहिरो भने झै जसको साथमा एक रुपैयाँ छैन उनकै घरमा दुइ मृगौला खराव।

पोखरा महानगरपलिका वडा न १३ स्थित कैलाश टोलमा अस्थायी बसोबास गर्दै आएका मिनवहादुर सार्कीको गत चैत वाट मृगौलाले काम गर्न छोडेपछि परिवारको जीवनमा पिडा माथी पिडा थपेको हो। मिनवहादुरको परिवारको पिडालाइ विदेशमा बसेपनि स्वदेशको मायाले भुतुक्कै पारेपछि कतारमा बस्ने दाजुभाइलाइ सहयोगको भावनाले चुम्बक झै तानेको छ।

उनै मिनलाइ मृगौला उपचारमा सहयोग पुगोस भनी वडा नं १३ लामोडहर निवासी शिव कार्कीको सक्रियतामा संकलन भएको एक लाख छ हजार सात सय साठी रुपैयाँ कतारवाटै प्राइम बैकमा रहेको खाता नम्बरमा रकम पठाएका छन्। त्यसैगरी कार्कीको पहलमा झापा निवासी जानुका चाँपागाइले पनि दश हजार आइएमइ गरी दश हजार सहयोग गरेकी छिन्।

# आरक्षका जनावरबाट १४२ क्षतिका घटना

पोखरापत्र संवाददाता
बागलुङ, २६ फागुन

ढोरपाटन शिकार आरक्ष नाउर र झारलको शिकारका लागि प्रख्यात छ। यहाँ बर्सेनि साहसिक शिकारमा भाग लिने विदेशीले नेपाल सरकारसँग अनुमति लिएर नाउर र झारलको शिकार गर्ने गरेका छन्।

शिकार आरक्ष क्षेत्रमा जसरी विदेशी शिकारी रमाइरहेका छन् त्यसैगरी आरक्ष आसपासमा रहेका बस्तीका नागरिकलाई वन्यजन्तुका कारण सास्ती पनि छ। आरक्ष क्षेत्र आसपासका सर्वसाधारणले बर्सेनि जङ्गली जनवारका कारण मानवीय तथा पशुधनको क्षति व्यहोर्दै आएका छन्। बासस्थान, ओहोरदोहोर गर्ने बाटो, पानी र मानवीय गतिविधिका कारण दिनचर्यामा खलल आएपछि वन्यजन्तुले मानिस तथा घरपालुवा जनावरमाथि आक्रमण गर्ने गरेका छन्। आर्थिक वर्ष २०७६/७७ मा मात्रै शिकार आरक्ष आसपासका बस्तीमा १४२ वटा मानवीय तथा पशुधनको क्षति भएको छ। सरकारको नियमानुसार क्षतिका आधारमा आरक्ष आसपासका सर्वसाधारणले राहत पाउँछन्। सो अवधिमा १३८ घटना चितुवाले मात्रै घटाएको तथ्याङ्क छ।

वन्यजन्तुको आक्रमणका कारण सात जना घाइते भएको तथ्याङ्क कार्यालयसँग छ। पाँच जना सख्त घाइते भएका थिए भने दुई सामान्य घाइते भएका थिए। सख्त घाइते पाँच जनाले ढोरपाटन शिकार आरक्ष कार्यालयबाट रु चार लाख २० हजार ८६४ राहत पाएका छन्। सामान्य घाइते दुई जनाका लागि रु २३ हजार ६०० राहत उपलब्ध गराइएको प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो।

आरक्षबाट बस्तीमा आउने चितुवाले घरपालुवा जनावरमाथि आक्रमण गर्ने गरेको छ। चितुवाबाहेकका जङ्गली जनावरले समेत क्षति पुर्‍याउने गरेका छन्। सो अवधिमा आरक्ष आसपासका क्षेत्रमा १३५ घरपालुवा जनावर मारिएका छन्। रु १३ लाख ८८ हजार ५०० राहत वितरण गरिएको तथ्याङ्क आरक्ष कार्यालयको प्रतिवेदनमा उल्लेख छ। "क्षति स-साना ठाउँमा हरेक क्षेत्रमा छ", कँडेलले भन्नुभयो, "हामीले क्षतिको अवस्था हेरेर राहत दिन्छौँ, तथ्याङ्क हुन्छ, त्यसैले धेरै चर्चा हुने हो।" गत आवमा कसैले पनि जङ्गली जनावरको आक्रमणका कारण ज्यान गुमाउनु नपरेको उहाँले बताउनुभयो।

# कोदोको उत्पादन घट्दैः माग बढ्दै

पोखरापत्र संवाददाता
दमौली, २६ फागुन

पहाडी ग्रामीण भेगमा हिजोआज पोषिलो तथा औषधीय गुणयुक्त कोदो खेती लोप हुँदै गएको छ। कुनै समयको महत्वपूर्ण खाद्यान्न बाली कोदो अहिले शहरी क्षेत्रका बालबालिकाका लागि मात्रै होइन, ग्रामीण भेगका लागि समेत दुर्लभ बन्दै गएको हो।

कोदो फल्ने बारी अहिले बाँझो बारीमा परिणत हुँदै गइरहेको छ। म्याग्दे गाउँपालिका-१ बाखे निवासी गोमा न्यौपानेले पहिला डाँडाभरि हुने कोदोखेती अहिले कहिँकतै मात्र हुने गरेको बताउनुभयो। करीब दश वर्ष अघिसम्म दशमुरी कोदो उत्पादन हुने बारीमा अहिले बीउसमेत राख्न छाडेको उहाँले बताउनुभयो। उहाँका अनुसार कोदो लगाउने जग्गा बाँझै छ। काम गर्ने जनशक्ति नहुनु, खेताला खोजेर काम लगाए पनि धानको जस्तो मूल्य कोदोले नपाउँदा कोदो लोप हुँदै गएको उहाँको भनाइ थियो। ब्यास नगरपालिका-६ निवासी ध्रुव रिमालले काम गर्ने जनशक्ति नपाउँदा आफूले पनि कोदो खेती गर्न छाडेको बताउनुभयो। "छोराछोरी पोखरामा पढ्छन्, घरमा बूढाबूढी मात्र छौ, बुढेसकालमा खेती गर्न सकिएन," उहाँले भन्नुभयो। वर्षौ पहिलेसम्म मुरीकामुरी कोदो फलाउने उहाँको घरमा पछिल्लो समय एक गेडा पनि कोदो छैन। "कोदो खाँदा के फाइदा हुन्छ भन्ने कुरा अहिलेका पुस्तालाई थाहा छैन। कोदोले दिने बल धानको भातले कहाँ दिन्छ र," उहाँले भन्नुभयो, "म सानो हुँदा कोदोको ढिँडो र तरकारीसँग पेट भरेपछि ड्याम्म ज्यान बन्थ्यो। दिनभर काम गर्न सकिन्थ्यो।" अहिलेका युवाले कोदोको महत्व नबुझेका कारण उनीहरूमा पाको पुस्ताको जस्तो बल नभएको र निरोगी पनि हुन नसकेको उहाँको भनाइ छ। औषधीय गुण भएको तागतिलो खाद्यान्न मानिने कोदोको खेती गाउँघरतिर निकै कम हुँदै गएको उहाँले बताउनुभयो। कोदोको खेती गर्ने चलन कम हुँदै गएपछि उत्पादन पनि ह्वात्तै घटेको छ। कोदोको उत्पादन घटेसँगै यसको उपभोग पनि गाउँघरतिर कम हुँदै गएको स्थानीयवासीले बताएका छन्। भएको कोदो पनि रक्सी पार्न र घरेलु मदिरा उत्पादन गर्नका लागि प्रयोग हुन थालेपछि रोटी, ढिँडो, पिठो बनाएर खाने चलन हराउँदै गएको कृषक रामलाल श्रेष्ठले बताउनुभयो।

होटेलमा आउने पाहुनाले बजारमा बेच्न राखिएको चामल भन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने र मूल्य पनि बढी तिर्ने गरेको म्याग्दे गाउँपालिका-१ स्थित हाइवे रेष्टुरेन्टका सञ्चालक विनोद खनालले बताउनुभयो। कोदोमा प्रशस्त मात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्व पाइने गरेको छ। विगतमा तनहुँको ६ हजार हेक्टर क्षेत्रफल खेतीयोग्य जमीनमा ६ हजार ६०० मेट्रिक टन कोदो उत्पादन हुँदै आएकामा हाल पाँच सय हेक्टरमा मात्र खेती हुने गरेको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ।

जिल्लाको पहाडी क्षेत्रमा कोदो खेती हुँदै आए पनि विगतको तुलनामा उत्पादन ह्वात्तै घटेको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो। "कोदो खेती गर्न धेरै गाह्रो हुने हुनाले पनि खेती कम हुँदै गएको छ", उहाँले भन्नुभयो।

# चिनियाँ नाकाबाट दैनिक सात कन्टेनर सामग्री भित्रिँदै

रासस
काठमाडौं, २६ फागुन

काठमाडौँ, २६ फागुन (रासस) : चिनियाँ ल्होसारका कारण बन्द भएको नाका पुनः सञ्चालनमा आएसँगै दैनिकरूपमा उल्लेख्य मात्रामा आयात भएको छ।

नाका पुनः सञ्चालनमा आएसँगै चीनसँगको व्यापारिक दुई नाकाबाट दैनिक सात कन्टेनर सामग्री आयात भएको सम्बन्धित भन्सार कार्यालयले जनाएका छन्। पछिल्लो समय सिन्धुपाल्चोकस्थित तातोपानी भन्सार र रसुवास्थित रसुवागढी भन्सारबाट निर्माणका सामग्रीदेखि तयारी पोशाक भित्रिने गरेका हुन्। कोरोना तथा चिनियाँ पक्षको अवरोधका कारण धेरै समय नाका बन्द भएका थिए। चिनियाँ ल्होसारका कारण बन्द भएको नाका पुनः सञ्चालनमा आएसँगै दैनिक सात कन्टेनर सामग्री आयात हुँदै आएको रसुवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले जानकारी दिनुभयो। उहाँले अनुसार पछिल्लो समय रसुवागढी नाकाबाट उल्लेख्य मात्रामा जलविद्युत्का लागि आवश्यक सामग्री आएको बताउनुभयो। उहाँका अनुसार पछिल्ला केही दिनयता उल्लेख्यरूपमा आयात भए पनि साविकमा जस्तो सहजरूपमा आयात भएको छैन।

नाकामा कार्यरत सबै कर्मचारीलाई कोरोनाविरुद्धको खोप लगाए पनि चिनियाँ पक्षको अवरोधका कारण आयातमा सहज नभएको उहाँ बताउनुहन्छ।

भाका, भूल, दया, क्षमा र ममता, सान्तोष जान्दैन त्यो
इन्दै विन्ति गरुन झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्म: वि.स. १९७७

स्वर्गारोहण: वि.स. २०७७/११/२३ गते

**स्व: गौरादेवी सिग्देल**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३, सिग्देल ग्राम स्थित पृथ्वीधर सिग्देल समाजकी जेष्ठ सदस्य **गौरादेवी सिग्देल** को देहावसानले यो समाज स्तब्ध प्राय: छ यस दु:खको घडीमा दिवंगतको आत्माले ब्रम्ह्तत्वको प्राप्ती गरोस् भन्ने अपेक्षाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै उहाँको छोरा/बुहारी विश्व प्रकाश/उषा सिग्देल लगायत सम्पूर्ण परिवारजनमा यो दु:खद बहन गर्न सक्ने शक्ति सामर्थ तथा सहनशिलता, परमपिता परमेश्वरबाट प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**पृथ्वीधर सिग्देल समाज**
सिग्देल ग्राम,
पोखरा-१३, कास्की

# ‘आफ्नै स्वास्थ्यका लागि दौडौँ’ उपाधि गुरुङ र ऐरीलाई

**पोखरापत्र संवाददाता**
**दमौली, २६ फागुन**

महाशिवरात्रि तथा सेना दिवसको अवसरमा तनहुँको खैरेनीटारस्थित श्री नम्बर ३ बाहिनीले आज आयोजना गरेको पाँच किलोमिटर दौडको उपाधि तनहुँ शुक्लागण्डकीका सुगम गुरुङ र कालीकोटकी विशेषता ऐरीले जित्नुभएको छ।

पुरुषतर्फ गुरुङले १९ मिनेट ३४ सेकेण्डमा दूरी पार गर्दै उपाधि जित्नुभएको हो । महिलातर्फ ऐरीले २३ मिनेट ३० सेकेण्डमा दुरी पार गर्नुभयो । दुवैले जनही नगद रु १५ हजारको साथमा प्रमाणपत्र प्राप्त गर्नुभएको छ । पुरुषतर्फ मोरङका राम थापा १९ मिनेट ४१ सेकेण्डमा दूरी पार गर्दै दोस्रो हुनुभयो । बागलुङका सुनिल केसी २० मिनेट ६ सेकेण्डमा दूरी पार गर्दै तेस्रो हुनुभएको छ । दोस्रो र तेस्रोले क्रमश : रु दश हजार, रु पाँच हजारसहित प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

महिलातर्फ २४ मिनेट ४२ सेकेण्डमा दूरी पार गर्नुभएकी गुल्मीकी निर्मला थापा दोस्रो हुँदा दुई सेकेण्डले पछाडी पर्नुभएकी तनहुँ थर्पुकी वर्षा श्रेष्ठले तेस्रो स्थान हासिल गर्नुभयो । उहाँहरूले क्रमश : रु दश हजार र रु पाँच हजारसहित प्रमाणपत्र प्राप्त गर्नुभयो । प्रतियोगितामा चार सय भन्दा बढी धावकको सहभागिता थियो । विजयी धावकलाई शुक्लागण्डकी नगरपालिकाका प्रमुख किसान गुरुङ, तनहुँका प्रमुख जिल्ला अधिकारी सागर आचार्य, श्री नम्बर ३ बाहिनीका बाहिनीपति सहायकरथी कुमारबाबु थापाले पुरस्कार वितरण गर्नुभयो ।

बाहिनीपति थापाले दिवसको अवसरमा नागरिकसँग प्रत्यक्ष जोडिने कार्यक्रम गरिएको बताउनुभयो । सेना दिवसको अवसरमा श्री नम्बर ३ बाहिनीले खैरेनीटारका व्यवसायीसँग मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना गरेको थियो । यस्तै सेनाले यहाँका प्रसिद्ध धार्मिक तीर्थस्थल ढोरवाराही मन्दिर, प्रकृतिदेवी मनकामना मन्दिरमा सरसफाइसमेत गरेको छ।

# जङ्गलमै पुरिए म्याग्दीका तामाखानी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ फागुन**

म्याग्दीका विभिन्न स्थानमा रहेका तामाखानी जङ्गलमै पुरिएर खेर गइरहेका छन् । जिल्लाका धवलागिरि, मालिका, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकाका विभिन्न ठाउँमा रहेका १७ वटा ठूला तामाका खानीहरू राज्यको झन्झटिलो कानूनी प्रावधान र आधुनिक उपकरणको अभावका कारण सञ्चालनमा आउन नसक्दा वनपाखामै खेर गएका हुन् ।

रघुगङ्गा-६ मा पर्ने ठाडाखानी गाउँको सिरानमा पर्ने रुमले भिर, धौलागिरि-५ मल्कबाङको मल्काबाङे भिर र मालिका गाउँपालिकाको ओखरबोटका साथै बेनी-३ को चिनाखेत भिरमा रहेका तामाखानी प्रयोगविहीन हुँदा स्थानीय सरकारले करोडौँ राजस्व गुमाउनुपरेको छ । यहाँका विशाल तामाखानी वर्षौंदेखि अलपत्र अवस्थामा छन् ।

एक सय छ वर्षअघि विसं १९७१ सालमा बन्द भएको रुमले भिरको तामाखानी सञ्चालनमा अझैसम्म पनि स्थानीय र प्रदेश सरकारले कुनै चासो नदेखाएको स्थानीयवासीले बताएका छन् । त्यस्तै वर्षौंदेखि प्रयोगविहीन भएका मल्कबाङका तामाखानीहरू पनि पुरिन थालेका छन् । करिब १०० वर्ष पहिला स्थानीयवासीहरूले तिनै खानीबाट तामा निकालेर घरायसी भाँडाबर्तनहरू बनाउने गर्दथे । बाहिरबाट तामाका भाँडाहरू खरिद गर्नु पर्दैनथ्यो । तत्कालीन सरकारले खानी उत्खनन् गर्नेहरूबाट कर लिन थालेपछि खानी बन्द भएका हुन् ।

मल्कबाङ गाउँमा मात्र एक दर्जनभन्दा बढी तामाखानी छन् । खानी उत्खनन गर्नु स्थानीय छन्त्याल जातिको पुर्ख्यौली पेशा हो । “गाउँदेखि माथिका पहाडहरूमा तत्कालीन समयमा तामा उत्खनन गरेका सुरुङहरू छन् । पाखाभरि प्रशस्त तामाखानी छन्, प्रयोगमा नआएपछि पुरिन थाले”, स्थानीयवासी दलमान छन्त्यालले भन्नुभयो “माल पाएर पनि चाल नपाएपछि टुलुटुलु हेर्ने बाहेक हामीसँग विकल्प रहेन ।”

तामाखानी सञ्चालनका लागि झन्झटिलो कानूनी प्रक्रिया र उपकरणको अभाव नै मुख्य समस्या भएको स्थानीयवासीले बताएका छन् । सरकारले सहज कानूनी व्यवस्था गर्नुका साथै सीप र प्रविधि उपलब्ध गराउन सके खानी सञ्चालनमा ल्याउन कुनै समस्या नरहेको रघुगङ्गा-६ का वडा सदस्य टेकजीत छन्त्यालले बताउनुभयो । तामाखानीको अध्ययन र अनुसन्धान गरी पुनः सञ्चालनमा ल्याउन स्थानीयवासीले बारम्बार माग गरिरहेको उहाँले बताउनुभयो ।

“गाउँमै प्राकृतिक स्रोतसाधन भएर पनि उपयोग गर्नबाट वञ्चित छौँ”, स्थानीयवासी हिमाली छन्त्यालले भन्नुभयो, “यहाँको तामाखानी सञ्चालनमा आउने हो भने रोजगारीका लागि खाडी मुलुक जानु पर्ने बाध्यताको अन्त्य हुनुका साथै सरकारलाई पनि प्रशस्तै आम्दानी हुने थियो ।”

# काठेखोलाको केन्द्र जोड्ने सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ फागुन**

पुष्पलाल (मध्यपहाडी) राजमार्गबाट काठेखोला गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्र गर्न थालिएको छ।

राजमार्गकोबागलुङखण्डअन्तर्गत अक्षेतेबाटगाउँपालिकाकोप्रशासनिक केन्द्र जोड्ने सडक कालेपत्र गर्न शुरु गरिएको छ। राजमार्गसमेत कालोपत्र गर्ने तयारीमा छ। राजमार्गको अक्षेते खण्डदेखि बिहूँ-सुल्डाँडा-लेखानी जोड्न मूल सडकको ९०० मिटर सडक कालोपत्र गर्न थालिएको काठेखोला गाउँपालिकाले जनाएको छ। गण्डकी प्रदेश सरकार पूर्वाधार कार्यालय बागलुङले नयाँ युग कन्सट्रक्शनलाई गत वर्षको फागुन ११ गते निर्माणको जिम्मेवारी दिएको थियो । एक वर्षमा सडकमा पूर्वाधार निर्माणको कार्य भइरहेको छ । चालू आर्थिक वर्षको फागुनभित्र निर्माण सकिनुपर्ने भए पनि चिसो मौसममा कालोपत्र कम्पनीका आधिकारिक प्रतिनिधि कुमार कार्कीले जानकारी दिनुभयो । उक्त सडकमा ग्याविन भर्ने, सडक चौडा गर्ने, ग्राभेल तथा सब-बेसको काम सकिएको र एक हप्ताभित्र कालोपत्रको काम थाल्ने उहाँको भनाइ छ । “मौसम अझै चिसो छ, चैत महिनामा कालोपत्र थालिनेछ”, कार्कीले भन्नुभयो, “अन्य पूर्वाधार निर्माण सम्पन्न भइसकेकाले कालोपत्र छोटो समयमै सम्पन्न गर्नेछौं ।” सडक कालोपत्र गर्न गण्डकी प्रदेश सरकारले रु दुई करोड ३७ लाख ६९ हजारमा ठेक्का सम्झौता गरेको पूर्वाधार कार्यालय बागलुङका इन्जिनीयर श्यामप्रसाद भण्डारीले जानकारी दिनुभयो । सो सडक साढे पाँच मिटर चौडा बनेको छ। मध्यपहाडी लोकमार्गको अक्षेते खण्डलाई जिरो किलोमिटर मानेर सुल्डाँडासम्मको करीब ९८२ मिटर सडक पहिलो चरणमा कालोपत्र हुनेछ। यो सडक कालोपत्र भएसँगै काठेखोला गाउँपालिकाको प्रमुख प्रशासनिक केन्द्र सुल्डाँडा कालोपत्र सडकले जोडिनेछ।

ठेकेदार प्रतिनिधि कार्कीका अनुसार उक्त सडकमा १२० मिटर ढलान र बाँकी खण्डका कालोपत्र गरिनेछ। ढलानको काम सकिएको हुँदा कालोपत्रको काम तुरुन्त शुरु गर्ने उहाँले बताउनुभयो।

कालोपत्र गर्ने सडकमा सधैँ चिसो हुने भएकाले चैत नलाई कालोपत्र नगर्न प्राविधिकले दिएको सुझावका आधारमा कालोपत्रको काम केही ढिला भएको हो । यो सडक काठेखोला गाउँपालिकाको वडा नं ७ रेश, ८ लेखानी तथा ५ र ६ को पश्चिम भेगको प्रवेशद्वार हो। निकै भिरालो र जीर्ण सडकमा पटकपटक दुर्घटनासमेत हुँदै आएको थियो।

पुरानो सडक स्तरोन्नति नभएकाले काठेखोला गाउँपालिका र वडा कार्यालयको समन्वयमा बजेट विनियोजन गर्न पहल भएको थियो । हरेक वडा कार्यालयदेखि गाउँपालिका केन्द्र जोड्ने सडक कालोपत्र गर्ने गाउँपालिकाको योजनाको उक्त सडक सहयोगी बन्नेछ । अहिले गाउँपालिकाको केन्द्रबाट रेश वडा कार्यालय पुग्ने सडकको केही भाग कालोपत्र भइसकेको छ भने चार किलोमिटर सडकमा धमाधम पूर्वाधार निर्माण भइरहेको काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाले जानकारी दिनुभयो।

# कालोपत्रे हुँदै गाउँपालिकाको केन्द्र जोड्ने सडक

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ फागुन**

म ध्य प हा डी पुष्पलाल लोकमार्गबाट काठेखोला गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्र गर्न थालिएको छ। मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ खण्डअन्तर्गत अक्षेतेबाट गाउँपालिकाको प्रशासनिक केन्द्र जोड्ने सडक कालेपत्र गर्न शुरु गरिएको हो।

मध्यपहाडी पुष्पलाल लोकमार्गसमेत कालोपत्र गर्ने तयारीमा छ। लोकमार्गको अक्षेते खण्डबाट बिहुँ-सुल्डाँडा-लेखानी जोड्ने मूल सडकको ९०० मिटर सडक कालोपत्र गर्न थालिएको काठेखोला गाउँपालिकाले जनाएको छ। गण्डकी प्रदेश सरकार पूर्वाधार कार्यालय बागलुङले नयाँ युग कन्स्ट्रक्सनलाई गत वर्ष फागुन ११ गते निर्माणको जिम्मेवारी दिएको थियो। एक वर्षमा सडकमा पूर्वाधार निर्माण भइरहेको कम्पनीका आधिकारिक प्रतिनिधि कुमार कार्कीले जानकारी दिनुभयो। उक्त सडकमा ग्याविन भर्ने, सडक चौडा गर्ने, ग्राभेल तथा सवबेसको काम सकिएको र एक हप्ताभित्र कालोपत्रको काम थाल्ने उहाँको भनाइ छ। “मौसम अझै चिसो छ, चैत महिनामा कालोपत्र थालिनेछ”, कार्कीले भन्नुभयो, “अन्य पूर्वाधार निर्माण सम्पन्न भइसकेकाले कालोपत्र छोटो समयमै सम्पन्न गर्नेछौँ ।” सडक कालोपत्र गर्न गण्डकी प्रदेश सरकारले रु दुई करोड ३७ लाख ६९ हजारमा ठेक्का सम्झौता गरेको पूर्वाधार कार्यालय बागलुङका इञ्जिनीयर श्यामप्रसाद भण्डारीले जानकारी दिनुभयो । उक्त सडक साढे पाँच मिटर चौडा बनेको छ। मध्यपहाडी लोकमार्गको अक्षेते खण्डलाई जिरो किलोमिटर मानेर सुल्डाँडासम्मको करिब ९८२ मिटर सडक पहिलो चरणमा कालोपत्र हुनेछ । यो सडक कालोपत्र भएसँगै काठेखोला गाउँपालिकाको प्रमुख प्रशासनिक केन्द्र सुल्डाँडा कालोपत्र सडकले जोडिनेछ । ठेकेदार प्रतिनिधि कार्कीका अनुसार उक्त सडकमा १२० मिटर ढलान र बाँकी खण्डमा कालोपत्र गरिनेछ। ढलानको काम सकिएको हुँदा कालोपत्रको काम तुरुन्त शुरु गर्ने उहाँले बताउनुभयो।

कालोपत्र गर्ने सडकमा सधैँ चिसो हुने भएकाले चैत नलागी कालोपत्र नगर्न प्राविधिकले दिएको सुझावका आधारमा काम केही ढिला भएको हो । यस सडक काठेखोला गाउँपालिकाको वडा नं ७ रेश, वडा नं ८ लेखानी तथा वडा नं ५ र ६ को पश्चिम भेगको प्रवेशद्वार हो। निकै भिरालो र जीर्ण सडकमा पटक-पटक दुर्घटनासमेत हुँदै आएको थियो । पुरानो सडक स्तरोन्नति नभएकाले काठेखोला गाउँपालिका र वडा कार्यालयको समन्वयमा बजेट विनियोजन गर्न पहल भएको थियो।

हरेक वडा कार्यालयदेखि गाउँपालिका केन्द्र जोड्ने सडक कालोपत्र गर्ने गाउँपालिकाको योजनाको उक्त सडक सहयोगी बन्नेछ । अहिले गाउँपालिकाको केन्द्रबाट रेश वडा कार्यालय पुग्ने सडकको केही भाग कालोपत्र भइसकेको छ भने चार किलोमिटर सडकमा धमाधम पूर्वाधार निर्माण भइरहेको काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाले जानकारी दिनुभयो।

**Provincial Government**

**Ministry of Physical Infrastructure Development**

**Urban Development and Building Office, Kaski**

**Gandaki Province, Pokhara, Nepal**

## Invitation for Online Bids

**( First Date of Publication: 2077/11/27 )**

Urban Development and Building Office(UDABO), Kaski invites e-bids from registered, eligible and interested bidders for the execution of following works under NCB procedures. For more detail, eligible and interested bidders may visit and download the bid documents from e-GP system www.bolpatra.gov.np/egp

| S. N. | Name of Project, Contract ID No. and Address | Estimated Amount excluding VAT (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security | Cost of Bid document | Last date of Bid submission |
|---|---|---|---|---|---|---|
| 1. | Construction of Footpath at Bindabasini Natural Hospital Location: Pokhara, 02- Kaski, Guthi Marga Contract ID No: UDABO/Kaski/SQ/Works/16/077-78 | 16,52,185.55 | 45,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2077/12/13 |
| 2. | Construction of Boundary wall at Bindabasini Natural Hospital Location: Pokhara, 02- Kaski, Guthi Marga Contract ID No: UDABO/Kaski/SQ/Works/17/077-78 | 17,08,241.02 | 50,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2077/12/13 |
| 3. | Metal Fencing Works at Bindabasini Natural Hospital. Location: Pokhara, 02- Kaski, Guthi Marga Contract ID No: UDABO/Kaski/SQ/Works/18/077-78 | 16,54,710.14 | 45,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2077/12/13 |
| 4. | Construction of Compound wall and Footpath Location: Pokhara,- Kaski, Rastra Bank Chok Contract ID No: UDABO/Kaski/SQ/Works/19/077-78 | 17,08,427.54 | 50,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2077/12/13 |

**Office Chief**

